# ललितपुर महानगरपालिका
## यल महानगरपालिका
## Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Province No. 3, Nepal


ललितपुर महानगरपालिका पुल्चोक, ललितपुर २०७३

# सूचना

श्री सबै वडा कार्यालय
श्री सबै वडा स्वास्थ्य कार्यान्वयन समिति
श्री सबै स्वास्थ्य संस्था/व्यवस्थापन समिति
श्री नगर क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरु
श्री सबै आमा/महिला समूह

डेंगु रोग लामखुट्टेको टोकाईको कारणले सर्ने एक सरुवा रोग मुलुकका विभिन्न स्थानसंगै ललितपुर महानगरपालिकामा पनि देखिएको छ । डेंगु रोग फैलदो क्रममा रहेको र केहि विद्यालयमा अध्ययनरत विद्यार्थी र नगर भित्रको व्यक्तिहरुमा पनि संक्रमण भई अस्पतालमा उपचारत रहेको कारण यस डेंगु रोग नियन्त्रणको लागि लामखुट्टेको टोकाइबाट बच्न समुदायमा जन-चेतना (-चालि, माइकिङ्ग र प्लेकार्ड सहितको घरदैलो अभियान, मुख्य चोक र बजारमा ब्यानर राख्ने, पर्चा वितरण) कार्यक्रमहरु संचालन गर्न यस महानगरपालिकाको वडा कार्यालयहरु तथा जन-स्वास्थ्य शाखासंग समन्वय गर्नुहुन र डेंगु रोगको लक्षण देखिएका वा रोग लागेका व्यक्तिहरुलाई नजिकको स्वास्थ्य संस्थाहरुमा उपचारका लागि पठाउन हुन अनुरोध छ ।

समाज कल्याण महाशाखा
जन-स्वास्थ्य शाखा

## डेंगु (Dengue Fever) रोग सम्बन्धि जानकारी

डेंगु रोग लामखुट्टेको टोकाईको कारणले सर्ने एक सरुवा रोग हो ।यो रोग हेटौंडा उप-महानगरपालिकामा पनि देखिएको छ ।यो रोग (Dengue Fever) डेंगु रोग लागेको मानिसबाट अर्को मानिसमा लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ।रोग सार्ने लामखुट्टे यस क्षेत्रमा रहेको हुदाँ हामी सबै जोखिममा छौं ।भाईरसबाट हुने यस रोगको हालसम्म खोप तथा खास उपचार छैन । एडिस एजिप्टाई र एडिज आल्वोपिक्टस नामको लामखुट्टेको टोकाईले डेंगु रोग सर्दछ ।

### रोग लागे पछि देखिने चिन्ह/लक्षणहरु

- जाडो हुदै उच्च ज्वरो आउने जीउ दुखे जोर्नी तथा हाडहरु बेस्सरी दुखे
- रोग लागेको केही समय पछि छाला मुनी रगत जमेको धब्बाहरु देखा पर्ने साथै रोगको जटिलता हुदै गए पछि नाक गिजा वा शरीरका अन्य अंगहरुबाट रगत बग्न सक्ने हुन सक्छ ।
- ज्वरो आएको केही समयपछि प्रशस्त पसिना आएर रक्तचाप घट्न सक्ने आदि ।

### डेंगु रोगको उपचार

- डेंगु गराउने भाईरसको विरुद्ध उपचार नभएको र खोपको पनि विकास भई नसकेकोले समयमै अस्पतालमा उपचारका लागि जानु पर्छ ।
- आफुखुसी अथवा चिकित्सको सल्लाह विना ब्रुफेन एस्प्रीन जस्ता दुखाई कम गर्ने औषधि कदापि खानु हुदैन

### डेंगु रोगबाट बच्ने उपायहरु

- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने उत्तम उपाय हो । यो रोग सार्ने लामखुट्टेले दिउसोको समयमा टोक्ने भएकोले अनावश्यक रुपमा बाहिर ननिस्कौ । बाहिर निस्कनु परेमा पुरा जिउ ढाक्ने लुगा लगाएर मात्र निस्कौ ।
- लामखुट्टेले गाडीको पुरानो टायरको भित्र जमेको पानी, खुला टंकी, कुलर भित्र जमेको पानी, गमलाको पानी, टुटे फुटेका गाग्री, सिसा, खेर फालेका प्लाष्टिक, टिनका बट्टा आदिमा जमेको पानीमा फुल पार्ने हुदा उक्त पानीको भाडोलाई घोप्टाई सुख्खा पार्ने ।
- बगैंचा करेसाबारी घरको छत आदिमा रहेका डिब्बा , भाडा, टायर, बोतल आदिमा जम्मा भएको पानी सुख्खा गराउनु रोगबाट बच्ने अति प्रवाभकारी उपाय हो ।
- तसर्थ लामखुट्टेको बासस्थान "खोज र नस्ट गर्ने" अभियान यो रोगको रोकथाम गर्ने उत्तम विकल्प हो ।

---


**ललितपुर महानगरपालिका**

**नगर कार्यपालिका कार्यालय**

पुल्चोक, ललितपुर, ३ नं. प्रदेश, नेपाल